स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र "डियर काव्या"को औपचारिक घोषणा गरिएको छ। ३० फिट लामो पोस्टर सार्वजनिक गर्दै चलचित्र निर्माणको घोषणा गरिएको हो। चलचित्रमा उपासना सिंह ठकुरी र बिक्की समशेर खड्का मुख्य भूमिकामा देखिनेछन्। बिक्कीको "डियर काव्या" डेब्यु चलचित्र हो। उपासना र बिक्कीलाई रोमान्टिक मुडमा प्रस्तुत गरिएको छ। पोस्टरमा बिक्कीको घाँटीमा रहेको गलबन्दी उपासनाले तान्दै उनलाई नजिक ल्याएको देखिन्छ।

**आजको विचार...**



सामन्ती...
(दुई पेजमा)

रमेशप्रसाद तिमल्सिना



अभिनेत्री प्रियंका कार्कीले पहिलो पटक निर्माण गरेको फिल्म "मास्टर्नी"ले प्रदर्शन यात्रा सुरु गरेको छ। क्राइम थ्रिलर जनरामा निर्माण भएको फिल्म शुक्रबारबाट प्रदर्शनमा आएको हो। फिल्मले देशव्यापी ६० भन्दा बढी शो पाएको छ। तर, फिल्मप्रति दर्शकको उत्साह भने देखिएको छैन। बिहानी शोमा फिल्मको देशव्यापी अकुपेन्सी १० प्रतिशत पनि पुग्न सकेन। प्रदर्शनपूर्व "म्याथ सिक्ने भए" गीतका कारण फिल्म विवादमा तानिएको थियो। त्यसबेला सामाजिक सञ्जालमा फिल्म बहिष्कार अभियान समेत चलेको थियो।

❑ वर्ष ३२ ❑ अंक ३७ ❑ २०८३ भदौ ६ गते शनिबार 22 August 2026, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# बालिकाको न्यायका लागि पाल्पामा उठ्यो आवाज

## 'न्याय ढिलो होइन, छिटो र प्रभावकारी चाहियो' भन्दै प्रशासन कार्यालय अगाडि धर्ना

**कृष्ण पोखरेल**

**पाल्पा,** भदौ ५/सिमरा उपमहानगरपालिका-१ जिपुरकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनाले देशभर आक्रोश बढाइरहेका बेला त्यसको विरोधमा पाल्पामा पनि नागरिक आवाज सडकमा उत्रिएको छ । बालिका चौधरीका लागि न्यायको माग गर्दै पाल्पामा स्थानीय महिला, अधिकारकर्मी, नागरिक समाज, विभिन्न राजनीतिक दलका नेता तथा जनप्रतिनिधिसहितको सहभागितामा विरोध प्रदर्शन गरिएको हो ।

प्रदर्शनकारीहरूले बालिका तथा महिलामाथि हुने हिंसा, बलात्कार र हत्याका घटनामा राज्य गम्भीर बन्नुपर्ने भन्दै तत्काल प्रभावकारी अनुसन्धान र दोषीलाई कडा कानुनी कारबाही गर्न माग गरेका छन् । प्रदर्शनमा सहभागीहरूले जिल्ला



प्रशासन कार्यालय अगाडि धर्ना दिँदै 'न्याय ढिलो होइन, छिटो र प्रभावकारी रूपमा चाहियो', 'कमजोर कानुन संशोधन गर', 'बालिका र महिलाको सुरक्षा ग्यारेन्टी गर', 'पीडितलाई न्याय र दोषीलाई कडा सजाय देऊ' जस्ता प्लेकार्ड प्रदर्शन गरेका थिए । उनीहरूले बलात्कार तथा हत्याजस्ता जघन्य अपराधमा संलग्नलाई कुनै पनि राजनीतिक, सामाजिक वा अन्य प्रभावका आधारमा उन्मुक्ति दिन नहुने बताएका छन् । घटनाको अनुसन्धानमा दबाब, प्रभाव वा पहुँच प्रयोग गरी अनुसन्धान प्रभावित पार्ने व्यक्तिमाथि समेत कानुनी कारबाही हुनुपर्ने उनीहरूको माग छ । धर्नामा सहभागी अधिकारकर्मी तथा महिला अभियन्ताहरूले महिला र बालिकामाथि हुने हिंसाका घटना बढ्दै गएको भन्दै केवल कानुन बनाएर मात्र नहुने, त्यसको प्रभावकारी कार्यान्वयन पनि आवश्यक रहेको बताएका छन् । अपराधीलाई कडा सजाय हुने सुनिश्चितता नभएसम्म यस्ता घटनामा कमी नआउने उनीहरूको भनाइ छ । *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### बाँदर धपाउने क्रममा लडेर एक महिलाको मृत्यु

**गुल्मी,** भदौ ५ /गुल्मीको रेसुङ्गा नगरपालिका-७ कुडापानीमा बाँदर धपाउने क्रममा लडेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ५५ वर्षीया कमला पाण्डे रहेकी छन् ।

शुक्रबार साँझ निउरेनी जंगलको गोरेटो बाटोमा बाँदर धपाउने क्रममा पाण्डे अचानक चिप्लिएर करिब २५ मिटर तल खसेकी थिइन् । जंगलको भिरालो बाटोमा लडेर गम्भीर घाइते भएकी पाण्डेको घटनास्थलमै स्थानीयवासीले उद्धारका लागि प्रयास गरेका थिए । घटनाबारे जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय गुल्मीबाट प्रहरी टोली तत्काल घटनास्थलमा पुगेको थियो । प्रहरीले स्थानीयवासीको सहयोगमा घाइते पाण्डेलाई उद्धार गरी थप उपचारका लागि जिल्ला अस्पताल तम्घास ल्याएको थियो । अस्पतालमा उपचारका क्रममा शुक्रबार साँझ ६:२५ बजे चिकित्सकले पाण्डेलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक (डीएसपी) वीरेन्द्र वीर विश्वकर्माले जानकारी दिए । पाण्डे बाँदर धपाउने क्रममा बाटोबाट चिप्लिएर भिरबाट खसेको प्रारम्भिक जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ । घटनाबारे थप विवरण तथा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ट्रकको ठक्करबाट युवतीको मृत्यु



**हाम्रा संवाददाता**

चन्द्रौटा, (कपिलवस्तु) भदौं ५/ ट्रकको ठक्करबाट साइकल यात्री युवतीको २२ बर्षिया युवतीको मृत्यु भएको छ ।

शुक्रबार दिउँसो १ बजेर ४५ मिनेटमा कृष्णनगरबाट भैरहवातर्फ जाँदै गरेको ना ५ ख २३६० नम्बरको ट्रकले कपिलवस्तु- १, स्थित हुलाकी सडक खण्डमा साइकलमा सवार युवतीलाई ठक्कर दिएको थियो । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी नायब उपरीक्षक रिपेन्द्र कुमार सिंहका अनुसार दुर्घटनामा गम्भीर घाइते भएकी कपिलवस्तु नगरपालिका २ बर्गदवाकी करिब २२ वर्षीया निशा गद्दीलाई प्रहरीले उद्धार गरी जिल्ला अस्पताल तौलिहवा पुऱ्याएको थियो । उपचार गर्दै गर्दा उनलाई चिकित्सकले दिउँसो २ बजे मृत घोषणा गरेका हुन् । दुर्घटनापछि प्रहरीले ट्रक र चालक मोरङ सुनसरी नगरपालिका-१० का ४३ वर्षीय कृष्णप्रसाद खनाललाई नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## प्रधानमन्त्रीको मुस्ताङ भ्रमण चर्चाको शिखरमा

**हाम्रा संवाददाता**

पाल्पा, भदौ ५/ परिवारका सदस्यहरूसहित काठमाडौँबाट सडकमार्ग हुँदै शुक्रबार पोखरा आएका प्रधानमन्त्री बालेन साह शनिबार मुस्ताङ जाने विषय अहिले अत्यन्तै चर्चामा छ ।

प्रधानमन्त्री वालेनशाहको मुस्ताङ भ्रमणलाई दिएर अहिले विभिन्न खालका क्रिया प्रतिक्रियाहरु अगाडि आएका छन् । भन्दा पारिवारिक भनिएता पनि यो भ्रमणको उद्देश्य बारे धेरैले विभिन्न अडकलवाजी गरिरहेका छन् । शुक्रबार प्रधानमन्त्रीको पोखरावास हुने पारिवारिक श्रोतले एनजेडीलाई जानकारी दिएको छ । भ्रमणको सिलसिलामा मुस्ताङ जाने क्रममा प्रधानमन्त्री वालेन्द्र शाह परिवार सहित शुक्रबार अपराह्न पोखरा पुग्नासाथ रास्वपा कार्यकर्ताहरुले उनलाई भेट्न लर्को लागेको थियो । पोखरामा उनी माछापुच्छ्रे गाउँपालिका-६, अस्तामा रहेको अन्नपूर्ण इकोभिलेज रिसोर्टमा बास वसेका छन् । कास्कीका सहायक प्रमुख जिल्ला



अधिकारी चित्राङ्गत बरालले भ्रमण नितान्त पारिवारिक भएको जानकारी दिए ।

उनले भने "प्रधानमन्त्रीको अन्य कुनै पनि औपचारिक कार्यक्रम नरहेको र भ्रमणलाई लक्षित गरेर जिल्लाको सुरक्षा व्यवस्था पूर्ण रूपमा चुस्त पारिएको छ । "

प्रधानमन्त्री शाहले यात्राको क्रममा बाटो बाटोमा विकासको योजना र खानेपानी, शिक्षण संस्थाहरुको अवस्था बारे जानकारी लिंदै आएको श्रोतको दावा छ । स्थानीय वासिन्दाका अनुसार गाउँमा सडक र खानेपानीको समस्या रहेकाले प्रधानमन्त्रीकै उपस्थितिबाट ती समस्याहरू सम्बोधन हुने कुरामा विश्वस्त छौं ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मौसमजन्य विपद् र पूर्वतयारीको बहस

नेपालमा मनसुन सुरु भएसँगै बाढी, पहिरो, डुबान, चट्याङ र अतिवृष्टिका घटनाले जनजीवन प्रभावित गर्ने क्रम दोहोरिन्छ । पछिल्ला वर्षहरूमा मौसमजन्य विपद्का घटना केवल प्राकृतिक कारणले मात्र नभई अव्यवस्थित बस्ती विकास, कमजोर भू-उपयोग नीति, जथाभावी सडक निर्माण र वातावरणीय असन्तुलनका कारण अझ बढी जोखिमपूर्ण बन्दै गएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका दैनिक विवरणले पनि मनसुनको समयमा देशका विभिन्न भागमा यस्ता घटना निरन्तर भइरहेका देखाउँछन् ।

विपद् भएपछि उद्धार र राहतमा सक्रिय हुनु आवश्यक छ, तर विपद् व्यवस्थापनको मूल उद्देश्य क्षति भएपछि राहत बाँड्नु होइन, क्षति हुन नदिनु हो । यस दृष्टिले नेपालमा पछिल्ला वर्षहरूमा पूर्वसूचना प्रणाली, मौसम तथा बाढी पूर्वानुमान, जोखिम नक्साङ्कन र विपद् सूचना प्रवाहमा उल्लेख्य प्रयास भएका छन् । जल तथा मौसम विज्ञान विभागले बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा सञ्चालन गर्दै आएको छ । सरकारले पनि विपद् उद्धारलाई प्रतिक्रियामुखीभन्दा पूर्वतयारीमुखी बनाउने, जोखिम नक्साङ्कन तथा प्रारम्भिक चेतावनी प्रणालीलाई संस्थागत गर्ने नीति अघि सारेको छ । तर चुनौती कार्यान्वयनमा छ । पूर्वसूचना आए पनि जोखिममा रहेका बस्ती समयमै सुरक्षित स्थानमा सार्न नसक्ने, स्थानीय तहसँग पर्याप्त उपकरण र जनशक्ति नहुने तथा विपद् प्रतिकार्यका लागि आवश्यक पूर्वतयारी कमजोर हुने अवस्था अझै देखिन्छ । त्यसैले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई कागजमा मात्र सीमित नराखी व्यवहारमा प्रभावकारी बनाउनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा विकास निर्माणको शैली बदल्नु हो । पहिरोको जोखिम भएका क्षेत्रमा जथाभावी सडक खन्ने, नदीको प्राकृतिक बहाव अवरुद्ध गर्ने र जोखिमयुक्त स्थानमा बस्ती विस्तार गर्ने प्रवृत्ति रोक्नुपर्छ । प्रत्येक स्थानीय तहले आफ्नो जोखिम पहिचान गरी सुरक्षित बस्ती, खुला क्षेत्र, उद्धार मार्ग र आपत्कालीन सम्पर्क प्रणालीलाई अद्यावधिक राख्नुपर्छ । मौसमजन्य विपद् पूर्णरूपमा रोक्न नसकिए पनि यसको मानवीय र भौतिक क्षति उल्लेख्य रूपमा घटाउन सकिन्छ । त्यसका लागि राहतको तयारीभन्दा पहिले जोखिमको पहिचान, पूर्वसूचनाभन्दा पहिले पूर्वतयारी र विपद्पछि पुनर्निर्माणभन्दा पहिले सुरक्षित विकासको सोच आवश्यक छ । अब नेपालले विपद्लाई नियतिको विषय होइन, सुशासन र पूर्वतयारीको विषयका रूपमा लिनुपर्छ ।

### Opinion @ Social Network

चाहना त धेरै कुराको थियो नि,
तर अब मनलाई शान्ति मिलोस् त्यही नै काफी छ...!!
*(समिर परियारको फेसबुक स्टाटसबाट www.facebook.com/Samir.Pariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामन्ती चिन्तन रहिरहेसम्म संघीय गणतन्त्र अधुरै



**रमेशप्रसाद तिमल्सिना**

हामी गणतन्त्रमा छौं । संविधानले नागरिकलाई सार्वभौमसत्ता सम्पन्न भनेको छ । राज्यको शासन व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित छ । नागरिकका मौलिक अधिकारको लामो सूची संविधानमा छ । तीन तहका सरकार छन् । अधिकारको बाँडफाँट छ । हेर्दा नेपालमा लोकतन्त्रका लागि चाहिने संरचना धेरै हदसम्म तयार भइसकेका छन् तर संरचना तयार हुँदैमा लोकतन्त्र बलियो हुँदोरहेनछ । संविधानमा शब्दशब्द लेखिँदैमा त्यसको भावना व्यवहारमा आउँदोरहेनछ । संविधानमा शब्द राख्ने नै छायाँमा परेर अरू अघि बढेपछि त्यसको मर्ममाथि प्रहार हुँदोरहेछ । हाम्रो आजको सबैभन्दा ठूलो समस्या यही हो- हामीले व्यवस्था परिवर्तन गर्‍यौं तर व्यवस्थालाई चलाउने चिन्तन र संस्कार परिवर्तन गर्न सकेनौं । गणतन्त्रको अर्थ राजा हटाउनुमात्रै होइन । गणतन्त्रको अर्थ शासनको केन्द्र नागरिक हो भन्ने स्वीकार गर्नु हो । नागरिक सार्वभौम हुनु हो । नागरिक सार्वभौमहुन् भन्नुको अर्थ प्रत्येक व्यक्ति आफूखुशी शासक हो भन्ने होइन । नागरिक शासक विधिबाट हुन्छन् । निर्वाचनबाट हुन्छन् । संविधान र कानुनले निर्धारण गरेको प्रक्रियाबाट हुन्छन् । चिन्तनबाट हुन्छन् र चेतनाबाट हुन्छन् । त्यसैले गणतन्त्रमा स्वतन्त्रता हुन्छ तर अराजकता हुँदैन । अधिकार हुन्छ, तर मनपरी हुँदैन । आफ्नो कुरा राख्ने स्वतन्त्रता हुन्छ तर अरूको अधिकारमाथि हस्तक्षेप गर्ने छुट हुँदैन । अहिले हाम्रो दैनिकीमा ठीक उल्टो भइरहेको छ । जुन हुनु हुँदैनथ्यो । हामीकहाँ गणतन्त्र आएपछि यही कुरा बुझ्न केही कठिन भयो । एकातिर नागरिकले आफूलाई मालिक ठान्न थाले, अर्कोतिर राज्यका संरचनाले नागरिकलाई अझै आदेश पालना गर्ने प्रजाकै रूपमा हेर्न छाडेनन् । गणतन्त्रमा नागरिक मालिक हुन् भन्ने कुरा सही हो, तर मालिक हुनुको पनि एउटा विधि हुन्छ । नागरिकको सार्वभौम अधिकार संविधान र संस्थामार्फत प्रयोग हुन्छ । विधि नमान्ने स्वतन्त्रता गणतन्त्र होइन, अराजकता हो र नागरिकलाई अधिकारसम्पन्न व्यक्ति नठानी सधैं आदेश मान्ने प्रजा ठान्ने राज्य पनि गणतान्त्रिक हुन सक्दैन, निरंकुश हुन्छ । हाम्रो समस्या संविधानलाई व्यवहारमा उतार्ने हाम्रो सोचमा छ । संविधानमा छैन । जनआन्दोलनको राप र तापमा आधारित भएर संविधान बनाइयो । परिवर्तनको आकांक्ष संविधानमा समेटियो । नागरिक अधिकारका विषयमा धेरै राम्रा व्यवस्था गरिए । संघीयताको माध्यमबाट राज्यसत्तालाई नागरिकको नजिक पुर्‍याउने प्रयास भयो । तर, संविधानमा लेखिएका विषयलाई व्यवहारमा उतार्न कस्तो प्रशासन चाहिन्छ, कस्ता संस्था चाहिन्छन्, ती संस्था कसरी चल्छन्, कसरी अधिकार प्रयोग गर्ने भन्ने संस्कार कसरी विकास गर्ने भन्ने विषयमा पर्याप्त तयारी भएन । संरचना बनाइयो, तर संरचनाभित्रको मानसिकता उस्तै रह्यो । राणाकालीन सोच, पञ्चायतकालीन मानसिकता । यस्ता सोच र मानसिकता लोकतान्त्रिक गणतन्त्रका तगारा हुन् । त्यसैले संघीयता कार्यान्वयनमा पनि हाम्रो पुरानो सोच पटकपटक देखापरिरहेको छ । संघीयता भनेको सिंहदरबारको अधिकार प्रदेश हुँदै गाउँसम्म पुर्‍याउनुमात्र होइन । संघीयता भनेको अधिकारलाई तल्लो तहमा विश्वासपूर्वक हस्तान्तरण गर्नु हो । संविधानले प्रदेश र स्थानीय तहलाई अधिकार दिएको छ भने त्यस अधिकारको प्रयोग गर्ने वातावरण पनि बनाउनुपर्छ । तर, हाम्रो व्यवहार अझै पनि यस्तो छ-सिंहदरबारमा बस्ने सबैभन्दा जान्ने, प्रदेशमा बस्ने अलि कम जान्ने र गाउँमा काम गर्नेले त झन् केही जान्दै नजान्ने । त्यसैले त एक वर्षका हाराहारीमा बाँकी रहेका प्रदेशसभामा सत्तापलटको निर्णय केन्द्रबाट तीन बुँदेमार्फत गर्ने कोशीश भइरहेको छ । यो संघीय संरचनामा प्रदेशले गर्न पाउने निर्णयमाथि गरिएको 'कू' हो । यस्तै यस्तै 'कू' बाट लोकतन्त्रको यात्रा अगाडि बढ्न सकिरहेको छैन । यो सोच मूलत: सामन्ती सोच हो । ठाउँ फरक हुँदैमा मानिसको बुद्धि, क्षमता र सिर्जनशीलता फरक हुँदैन । स्थानीय तहमा काम गर्ने व्यक्तिले आफ्नो समाजका बारेमा केन्द्रमा बसेको व्यक्तिभन्दा बढी बुझेको हुन सक्छ। स्थानीय आवश्यकता हेरेर स्थानीय तहले बनाएको कानुन सैले बनाएको कानुनभन्दा कतिपय अवस्थामा राम्रो हुनसक्छ । तर, स्थानीयमा छँदा केन्द्रलाई नटेर्ने र केन्द्रमा पुगेपछि स्थानीयलाई नगन्ने मानसिकता दुषित सोचाइको नतिजा हुन् । यही मानसिकताले सैंयतालाई कमजोर बनाइरहेको छ । तलको तहले केही गर्न खोज्दा माथिको स्वीकृति खोज्ने, माथिबाट निर्देशन नआएसम्म निर्णय नगर्ने र आफ्नो अधिकार प्रयोग गर्दा पनि डराउने अवस्था रहिरह्यो भने संघीयताको संरचना त देखिन्छ, तर त्यसको आत्मा भेटिँदैन । अधिकार दिनुको अर्थ जिम्मेवारीसहित विश्वास गर्नु हो। विश्वास नगरी अधिकार दिएजस्तो गर्नु संघीयता होइन । सामान्ति मानसिकता हो । यसको सिधा सम्बन्ध मानवअधिकारसँग छ । मानवअधिकार भनेको राज्यले नागरिकलाई कृपा गरेर दिने सुविधा होइन । मानिस भएकै कारण प्राप्त हुने अधिकार हो । त्यसैले राज्यको संरचना जति बढी नागरिकमैत्री हुन्छ, मानव अधिकारको संरक्षण त्यति नै बलियो हुन्छ । जहाँ निर्णयको अधिकार केही व्यक्तिको हातमा केन्द्रित हुन्छ, जहाँ माथिको आदेशलाई अन्तिम सत्य मानिन्छ र जहाँ नागरिकको आवाजभन्दा पदको हैसियत ठूलो हुन्छ, त्यहाँ मानवअधिकार हुँदैन । भइहाले पनि कमजोर हुन्छ । सामन्ती चिन्तनले मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्धनमा बाधा पुर्‍याउने कारण यही हो । यो अहिले हामीले प्रष्टै देखिरहेका छौं । कानुनको शासनलाई पनि हामीले यही सन्दर्भमा बुझ्नुपर्छ । कानुनको शासन भनेको सबै कुरा कानुनको किताबमा लेखेर राख्नु होइन । कानुन मानिसको व्यवहारलाई व्यवस्थित गर्न, राज्यलाई सीमाभित्र राख्न र नागरिकको स्वतन्त्रताको रक्षा गर्न बनाइन्छ । कानुन राज्यलाई नियन्त्रण गर्ने साधन हो, नागरिकलाई अनावश्यक रूपमा नियन्त्रण गर्ने हतियार होइन । कानुनले नागरिकलाई सहजीकरण गर्नुपर्छ, बाधा हाल्ने होइन । तर, यहाँ कानुन बनाउँदा नागरिकले के गर्न पाउँदैन भन्ने कुरा धेरै सोचिन्छ । नागरिकले स्वतन्त्र रूपमा के गर्न पाउँछ भन्ने कुरा कम सोचिन्छ । जाक्दिउँ, ठोक्दिउँ, थुन्दिउँ जस्ता शब्द कानुन बनाउन निर्वाचितका मुखबाट आइरहेका छन् । यस्ता शब्द लोकतन्त्रका भाइरस हुन् । मानव अधिकारविरोधी किटाणु हुन् । जसलाई बेलैमा रोकथाम गर्न वा नष्ट गर्न नसके संक्रमण पैलन्छ । लोकतन्त्रमा प्रक्रिया आवश्यक हुन्छ । विधि आवश्यक हुन्छ । पारदर्शिता र जवाफदेहिता आवश्यक हुन्छ । प्रक्रिया आफैं उद्देश्य होइन । प्रक्रिया नागरिकलाई परिणामसम्म पुर्‍याउने माध्यम हो । नागरिकले सरकारबाट फाइल चलेको हेर्न चाहेका होइनन्, काम भएको हेर्न चाहेका हुन् । उनीहरूलाई कुन मन्त्रालयले कति पटक पत्र काट्यो भन्नेभन्दा सेवा कहिले पाए भन्ने कुराले अर्थ राख्छ । त्यसैले अब सरकारको मूल्यांकन प्रक्रिया पूरा भयो कि भएन भन्ने आधारमा होइन, नागरिकको जीवनमा कस्तो परिवर्तन आयो भन्ने आधारमा हुनुपर्छ । लोकतन्त्रको आत्मा नागरिकको गुणस्तरीय जीवनमा आएको परिवर्तनबाट मात्रै नापजाँच गर्न सकिन्छ । यहाँ राजनीतिक नेतृत्वको भूमिकाको प्रश्न पनि आउँछ । कर्मचारी प्रशासनसँग विशेषज्ञता हुन्छ । कानुनको मस्यौदा तयार गर्ने, प्राविधिक पक्ष केलाउने, प्रक्रियागत कुरा मिलाउने काम कर्मचारीको हो । तर, राज्यको दिशा राजनीतिक नेतृत्वले निर्धारण गर्ने हो । राजनीतिक नेतृत्वले आफ्नो दृष्टिकोण स्पष्ट रूपमा राख्न सक्नुपर्छ । दुर्भाग्य के छ भने हाम्रो राजनीतिक नेतृत्व धेरै ठाउँमा परावलम्बी बनेको छ । कहिले कर्मचारीसँग छलफल गरेर सिक्नेभन्दा ठाडो निर्देशन दिने, कहिले आफ्नो दृष्टिकोण स्पष्ट नगरी कर्मचारीतन्त्रकै भर पर्ने प्रवृत्ति देखिन्छ । अनि जस आफूले लिने र अपजस अरूलाई थोपर्ने प्रवृत्ति छ । यो पनि लोकतन्त्रका लागि दुश्मन हो । जिम्मेवारले जवाफदेहिता बहन गर्नै पर्छ । असल शासन आदेशले चल्दैन । अन्तर्क्रियाले चल्छ । चाकडीले चल्दैन । प्रश्नले चल्छ । बहकिएर चल्दैन । बहसले चल्छ । नेतृत्वसँग नतमस्तक भएर वा बद्ख्वाँइ गरेर चल्दैन । सिक्ने र सिकाउने प्रक्रियाले चल्छ । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रबीच दूरी होइन, स्वस्थ सम्बन्ध चाहिन्छ । कर्मचारीले राजनीतिक नेतृत्वलाई तथ्य र विशेषज्ञताको आधारमा सुझाव दिनुपर्छ । राजनीतिक नेतृत्वले जनताको आवश्यकता र आफ्नो राजनीतिक दृष्टिकोणका आधारमा निर्णय गर्नुपर्छ । नागरिकलाई फरमान जारी गरेर चल्दैन । नागरिकसँग निकट अन्तर्क्रियाले मात्रै चल्छ । सबैले आ-आफ्नो जिम्मेवारी बुझ्ने हो भने शासन प्रभावकारी हुन्छ । लोकतन्त्रमा द्वन्द्वबाट डराउनु हुँदैन । द्वन्द्व र हिंसा एउटै कुरा होइनन् । विचार फरक हुनु द्वन्द्व हो । प्रश्न उठाउनु द्वन्द्व हो । असहमति राख्नु द्वन्द्व हो । यस्तो द्वन्द्व लोकतन्त्रको सौन्दर्य हो । यही बहस र असहमतिबाट नयाँ विचार जन्मिन्छ । हामीले द्वन्द्वलाई हिंसाका रूपमा बुझ्ने गल्ती गरिरहेका छौं । हिंसाको विरोध गर्नुपर्छ । हिंसालाई प्रश्रय दिनुहुँदैन । हिंसाको पक्षपोषण गर्नुहुँदैन तर विचारको द्वन्द्वलाई स्वीकार गर्नुपर्छ । प्रश्न गर्न पाउने नागरिक र प्रश्न सुन्नसक्ने सरकार लोकतन्त्रका लागि आवश्यक हुन्छन् तर, यही भइरहेको छैन । नागरिकका प्रश्नले कापी भरिइसक्यो सरकारले प्रश्न नसुने झैं गरिरहेको छ । यो लोकतन्त्रका लागि सुहाउने काम होइन । लोकतन्त्रमा सरकारले नागरिकका प्रत्येक प्रश्नका उत्तर दिनुपर्छ र नसोधेका विषयमा पनि तीन-तीन महिनामा कामको प्रतिवेदन पेश गर्नुपर्छ । अब हामीले धेरै ठूलो काम गर्नुपर्दैन । पहिले आफ्नो कमजोरी स्वीकार गर्नुपर्छ । संविधान र कानुनमा जे लेखिएको छ, त्यसलाई व्यवहारमा उतार्न नसक्नु हाम्रो कमजोरी हो भनेर स्वीकार गर्नुपर्छ । स्वीकार गरेपछि दोहोर्‍याउँदिनँ भन्ने प्रतिबद्धता चाहिन्छ । त्यसपछि क्रमश: संरचना सुधार्नुपर्छ । कार्यशैली बदल्नुपर्छ । कानुनलाई नागरिकमैत्री बनाउनुपर्छ । नागरिकको सेवाका लागि बदल्ने हो न कि शासकको चाकरका लागि । राजनीतिक नेतृत्वलाई परिणाममुखी बनाउनुपर्छ र प्रशासनलाई जवाफदेही बनाउनुपर्छ । माथि बसेकाले मात्र जान्दछन् र तल बसेकाले आदेश पालनामात्र गर्नुपर्छ भन्ने सोच त्याग्नैपर्छ । नागरिकलाई शासित गर्ने होइन, नागरिकको अधिकार सुनिश्चित गर्ने राज्य बनाउनुपर्छ । सरकारको काम नागरिकलाई नियन्त्रण गर्नु होइन, नागरिकको स्वतन्त्रता सुरक्षित गर्नु हो । कानुनको काम बाटो छेक्नु होइन, बाटो सहज बनाउनु हो । राजनीतिक नेतृत्वको काम आदेश बाँड्नु होइन, दिशा दिनु हो । प्रशासनको काम फाइल थुपार्नु होइन, परिणाम दिनु हो । गणतन्त्रको वास्तविक परीक्षा चुनावमा मात्र हुँदैन । नागरिकले राज्यसँग व्यवहार गर्दा आफू सम्मानित भएको महसुस गर्छ कि गर्दैन भन्ने कुरामा हुन्छ । ***(तिमल्सिना दुई दशकदेखि मानवअधिकार पत्रकारितामा क्रियाशील हुनुहुन्छ ।)***

***-इहिमालयन डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : धनको मामिलामा राहत मिल्न सक्छ। आफ्नो कामको कदर हुनेछ। | **तुला**: बोलचालबाट काम बन्न सक्छ। आर्थिक विषयमा राम्रो खबर आउन सक्छ। |
| **वृष** : कामको गति विस्तारै बढ्नेछ। समाजमा मान बढाउने मौका आउला। | **वृश्चिक** : क्षमता प्रमाणित गर्ने मौका आउँछ। काममा जिम्मेवारी सम्हाल्नुपर्ने छ। |
| **मिथुन** : खर्च धान्ने नयाँ उपाय सोचिनेछ। आफ्नो सीपले राम्रो काम पाउनेछ। | **धनु**: बाहिरी काम अघि बढ्नेछ। सामाजिक कार्यक्रममा उपस्थित हुने मौका मिल्नेछ। |
| **कर्कट** : आर्थिक कागज मिलाउन सकिनेछ। काममा विश्वास बढ्ने वातावरण छ। | **मकर** : काममा पुरानो अनुभव काम लाग्नेछ। शरीरलाई थकाउनबाट जोगिनुहोस्। |
| **सिंह** : निर्णयले अरूलाई दिशा दिनेछ। व्यवसायमा नयाँ बाटो खोल्ने सोच बन्नेछ। | **कुम्भ**: आर्थिक पक्षमा सुधारको संकेत छ। साथीको सहयोगले काम सहज बन्नेछ। |
| **कन्या** : पुरानो जिम्मेवारीबाट छुटकारा मिल्नेछ। पैसाको बचततर्फ ध्यान जानेछ। | **मीन** : धनसम्बन्धी लाभको संकेत छ। परिवारसँगको सम्बन्ध अझ न्यानो बन्नेछ। |

# साहित्य दर्पण

समीक्षा — पुष्कर अथक रेग्मी

# रोहितको परिकल्पना : गुलेली




लुम्बिनी प्रदेश पाल्पा जिल्ला तानसेन नगरपालिका मेहल्धारा निवासी माता दीनकुमारी र पिता बेदराज उपाध्याय ज्ञवालीको माहिला सुपुत्र रोहितप्रसाद ज्ञवालीको जन्म बि.सं. २०१८।०२।२० मा भएको हो। सानो छँदा 'कल्लु' नामले बोलाइने साहित्यकार रोहितप्रसाद ज्ञवाली पाल्पा तानसेनका क्रियाशील एवं लगनशील साहित्यकार हुनुहुन्छ । लामो समयसम्म निजामति सेवामा रही सेवा निवृत्त राष्ट्रसेवकको रुपमा जेष्ठ जीवन यापन गरिरहनु भएका ज्ञवाली शिक्षा स्वास्थ्य तथा साहित्य प्रतिष्ठान नेपालका संस्थापक सदस्य, कोषाध्यक्ष हुँदै हाल उपाध्यक्ष रहनु भएको छ । प्रतिष्ठानका आजीवन सदस्य समेत रहनुभएका ज्ञवालीले माता दीनकुमारी ज्ञवालीको स्मृतिमा अक्षयकोष स्थापना गरिदिनु भएको छ । जसको व्याजबाट हरेकवर्ष एकजना छात्रालाई छात्रवृत्ति प्रदान गरिन्छ । लुम्बिनी वाङ्मय प्रतिष्ठान पाल्पाका कोषाध्यक्ष, प्रगतिशील लेखक संघ पाल्पाका सदस्य, पोखराथोक साहित्य संगमका आजीवन सदस्य, जनमत साहित्यिक मासिक पत्रिकाका आजीवन सदस्य, नेपाल रेडक्रस सोसाइटीका विशिष्ट सदस्य समेत रहेका ज्ञवालीले बाल्यवस्थादेखिनै साहित्य लेखनका साथै आध्यात्मिक चिन्तन, कर्मकाण्ड सेवा, अध्ययन र चित्रकारितामा समेत रुचि राख्दै टेक्सटाइल, जनरल मेकानिक्स, बाटिककला लगायतका क्षेत्रमा समेत दखल राख्दै आउनु भएको छ । कालिका मन्दिर व्यवस्थापन समिति तुम्कोट, वाला अर्घाखाँचीबाट प्रकाशित हुने सङ्गालोहरुबाट लेख रचनाहरु प्रकाशन गर्दै, उत्साह, शंखनाद, दीपज्योति, शिक्षाज्योति, दीपशिखा, वाटिका, हाम्रो पुरुषार्थ जस्ता सङ्गालोहरु र परेवा पाक्षिक, नव चेतना दैनिक, देउराली साप्ताहिक लगायतका पत्रपत्रिकाहरुमा कविता, तथा लेख रचनाहरु प्रकाशित गर्दै आउनु भएको छ । यसैगरी ज्ञवालीले 'नेपाली लोकवार्ता परिषद् नेपाल काठमाण्डौं' को भाग ११ मा अर्घाखाँची, गुल्मी, पाल्पाको लोकवार्ता सङ्ग्रह पुस्तकमा 'पाल्पाका ब्राह्मणहरुको कुलायन पूजा परम्परा र यसको साँस्कृतिक तथा सामाजिक महत्व' शीर्षकीय लेखबाट अनुसंधान लेखतर्फ पनि कलम चलाएको देखिन्छ । विशेषत: आख्यान र गद्य विधामा कलम चलाउँदै आउनु भएका साहित्यकार ज्ञवालीका उपन्यास आशाका अङ्कुरहरु (२०७३) विविध सङ्ग्रह यात्रा एक तरङ्ग अनेक (२०७४), कविता सङ्ग्रह कुण्ठा देशको (२०७८), संयुक्त साइनो सङ्ग्रह पाल्पाली साइनो (२०७७) र संयुक्त साइनो सङ्ग्रह पाल्पाली साइनो भाग दुई (२०७८) प्रकाशित भएका छन्। अझै पनि केही कृतिहरु प्रकाशोन्मुख पाण्डुलिपि अवस्थामै रहेका छन् । यस पटक आफू स्वयम् परिकल्पनाकार रहेको काव्य उपविधा गुलेली लक्ष्य (गुलेली काव्यको रचना विधान र सिर्जना सञ्चय-२०८२) प्रकाशित गर्नु भएको छ । कविता, निबन्ध, आख्यान र नाटक साहित्यका चार विधाहरु हुन् । जसमध्ये कवितालाई सर्वप्राचीन समृद्ध विधाको रुपमा लिइन्छ । आधुनिक नेपाली साहित्यको काव्य विधा अन्तर्गत लघुतम काव्य उपविधाको रुपमा आगो, टुक्का, द्विपदीयह त्रिशुल, बाछिटा, सुसेली, साइनो, पञ्चक, छेस्का, कोपिला, झिल्का, उदक, त्रिपदीयह शीत, खोरिया, चतुष्पदीयह पञ्चाङ्ग पञ्चपदीयह षड्ऋतु षट्पदीय स्वरुपमा उपस्थित भएका छन् । यसै परिप्रेक्ष्यमा साहित्यकार रोहितप्रसाद ज्ञवालीद्वारा त्रिपदीय काव्य उपविधाको रुपमा गुलेली परिकल्पना, प्रस्तावना गर्नु भएकोमा अपूर्व अद्‌भूत खुशी लागेको छ । काव्य विधाको लघुतम उपविधाको इतिहास खोतल्दा शीत, त्रिशुल, षड्ज्रऋतु, खोरिया, छेस्का, पञ्चाङ्ग, गुलेली काव्यको परिकल्पना प्रस्तावना गर्ने स्रष्टाहरू पाल्पाली नै हुन् । यद्यपि शीत, त्रिशुल र गुलेली काव्यको जन्मभूमि पाल्पाको तानसेन हो। काव्य उपविधाहरुको परिकल्पना र प्रयोग गरेर मात्र हुँदैन । त्यसको व्यापिकरण र मान्यताका लागि रचना विधान र उदाहरणहरु समेत निर्माण गरिनु पर्दछ । यसै परिप्रेक्ष्यमा साहित्यकार रोहितप्रसाद ज्ञवालीद्वारा त्रिपदीय काव्य उपविधाको रुपमा गुलेली परिकल्पना, प्रस्तावना गर्नु भएकोमा अपूर्व अद्‌भूत खुशी लागेको छ । यहि क्रममा परिकल्पनाकार रोहितप्रसाद ज्ञवालीद्वारा लिखित त्रिपदीय काव्यको रुपमा लक्ष्य (गुलेली काव्यको रचना विधान र सिर्जना सञ्चय) प्रकाशन भएको छ । प्रस्तुत गुलेली काव्य लक्ष्यलाई परिकल्पनाकारद्वारा गुलेलीको परिकल्पना र प्रस्तावना, पृष्ठभूमि, गुलेलीको जन्म, गुलेलीको परिचय अर्थ र परिभाषा, कविताका तत्वहरु, गुलेली काव्यको अक्षर गणना, व्याकरण सन्दर्भ र लेख्य चिन्हहरु, गुलेली काव्यको सम्भाव्य भुलहरू, गुलेली संरचनाका आधारहरू अनुप्रास प्रयोगका अवस्था र उदाहरण, गुलेली समूह संरचना, कविताको अन्य त्रिपदीय उपविधासँग गुलेली काव्यको सम्बन्ध, गुलेली रचना विधान शीर्षकहरू रहेका छन् । शीर्षकभित्र उपशीर्षकहरूद्वारा गुलेली काव्यलाई सैद्धान्तिक रूपमा अझ पुष्ट्याइएको छ ।

**हुने हुनामी यहाँ भइरहन्छ**
**टारेर कहाँ यहाँ टार्न सकिन्छ**
**सत्कर्म त यहाँ गर्दै जानुपर्छ ।**

वि.सं. २०७९।०६।१२ मा सामाजिक संजाल मार्फत प्रेषित त्रिपदीय काव्य नै परिकल्पनाकारको पहिलो गुलेली हो । 'बाह गुणे तीन बराबर छत्तीस अक्षरमा संरचित त्रिपदीय लघु काव्य नै गुलेली हो ।' भनी परिकल्पनाकारद्वारा परिभाषित गरिएको छ । गुलेलीको संरचना अनुसार अक्षरी आंशिक अनुप्रास र पूर्ण स्थायी शब्दानुप्रास भएका त्रिपदीय काव्यलाई गुलेली मानिएको छ । गुलेलीको अर्थ, परिभाषा र संरचनालाई मध्यनजर गरी भन्नुपर्दा मेरो विचारमा 'बाह्र गुणे तीन पंक्ति अन्त्यानुप्रास सहित छत्तीस अक्षरी संरचनायुक्त त्रिपदीय काव्य उपविधा नै गुलेली हो ।' परिकल्पनाकारज्यूले बडो मेहनतका साथ गुलेली काव्यको सैद्धान्तिक कृति लक्ष्य तयार पारी सार्वजनिक गर्नुभएको छ। जसले लघुतम काव्य उपविधामा चासो राख्नेहरुलाई गुलेली काव्य के हो र कसरी लेखिन्छ भन्ने स्पष्ट जानकारी दिएको छ। सिद्धान्तभित्र एक श्लोकलाई ॐ शक्ति मानी बाह अक्षरलाई महिना, कृष्ण/शुक्ल पक्षका मालिक, द्वादशादित्य, बाह्र मसलाको समन्वय सहित "ॐ नमो: भगवते बासुदेवाय" महामन्त्रलाई पुष्टि गरिएको छ । शब्दार्थता, मौलिकता, लघुता, सूत्रात्मकता, संरचनात्मकता, नवीनता, पृथकता र उपयोगिता गुलेली काव्यका विशेषताहरू हुन् । कृतिभित्र गुलेली काव्यको परिकल्पना प्रयोगका लागि आधारभूत सिद्धान्तहरू आविस्कार गरिएको छ भने सिर्जना सञ्चय अन्तर्गत गुलेलीमा त्रिपदीय शब्द र पंक्तिरूपी मट्याङ्गाद्वारा लक्ष्य साँधिएको छ । सामाजिक असमानता, विकृति, विसंगती, कुरीति र कुशासनका विरूद्ध झटारो हानिएको छ। आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, राजनैतिक, समसामयिक विषयवस्तुको उठान गरी साँधिएको शब्दशक्तिरूपी मट्याङ्गाले जीवन र जगतमा 'सत्यम् शिवम् र सुन्दरम्' को प्राप्ती गरेको छ । समग्रमा भन्नुपर्दा रोहितप्रसाद ज्ञवालीको त्रिपदीय काव्य उपविधा गुलेली कृति लक्ष्य सरल र सुपाच्य रहेकोले महनीय छ । विषयवस्तुको गहनता मननीय छ । कृति सबैका लागि प्रेक्षणीय रहेको छ । सैद्धान्तिक विमर्श सहित उपस्थित कृति सङ्ग्रहणीय छ । नेपाली लघुतम काव्यको इतिहासमा अनुसन्धानीय रहनुका साथै वाङ्मयको आकाशमा विलोकनीय रहेको छ। हरेक स्रष्टा र द्रष्टा सहित काव्य गुरु र चेलाहरुका लागि कृति उदाहरणीय छ । लघुतम काव्य पारखीहरूका लागि आस्वादनीय रहनुका साथै नेपाली साहित्यमा नवीनतम प्रयोग र परिकल्पनाको जनसंख्यामा लेखक प्रशंसनीय पात्रको रुपमा उपस्थित हुनुभएको छ । कविता साहित्यमा नवीनतम प्रयोग र पृथक प्रस्तुतिका साथ अवतरण भएको कृति गुलेली काव्य लक्ष्य शोध, खोज, सोंच, ओज र बोधपूर्णरुपले व्यापिकरण हुँदै जानेछ र साहित्यकार रोहितप्रसाद ज्ञवाली परिकल्पनाकारको रुपमा प्रतिष्ठापित हुनुहुनेछ । बधाई 'शुभकामना' परिकल्पनाकारको बाँकी जीवन गुलेली काव्यमय बनिरहोस् 'शुभ यात्रा ' ***( लेखक स्रष्टा समीक्षक र शीत त्रिशूलका परिकल्पनाकार हुन् )***

---

कथा — महेश पौड्याल

# बिटुलो स्पर्श र निर्दोष माया

*अमेरिकामै जन्मेको आदित्यलाई नेपालको बारेमा केही थाहा नभए पनि उसका बाआमाले उसलाई नेपाली भाषा बोल्न, बिहानै उठेर घरमै स्थापित गरिएका देउताका अगाडि "ज्यू" गर्न र "सयौं थुँगा फूलका हामी" भनेर नेपालको राष्ट्रिय गान कण्ठस्थै गाउन सिकाएका थिए । प्रत्येक साँझ-बिहान नेपालमा हजुरबा-हजुरआमासँग खेल्न पाउने सपनाले सधैँ पुलकित हुन्थ्यो ऊ । यता नेपाल घरमा बूढाको स्वास्थ्यस्थिति अलि खस्कँदै गएको र डाक्टरले अलि गम्भीर रोग नै लागेको हुन सक्ने बताएकोले उनीहरूलाई नेपाल आउन भनिएको थियो । तदन्त सबै तयारी पूरा गरे, र उनीहरू नेपाल आए । नेपाल आदित्यलाई अनौठो लाग्यो । यहाँका सडकमा हरेक प्रकारका गाडी ठेल्मठेल कसरी गुडेका हुन् भन्ने कुराले ऊ अलमल्ल पर्‍यो । अमेरिकामा कहिलेकाहीँ उनीहरूको डेरामा बाबालाई भेट्न आउने नेपालीबाहेक अरु बेला नेपाली देख्न नपाएको ऊ जतातै नेपाली देख्दा आचम्भित भयो । उनीहरूको घर लोकन्थलीमा थियो । एयरपोर्टबाट कोटेश्वर हुँदै, पट्टेर लाग्दा जाम काटेर साँझपख उनीहरू घर पुगे । आठ वर्षपछि छोरा-बुहारी र नाती घर आउँदा बूढा-बूढीको खुसीको सीमा रहेन ।*

उनीहरू अमेरिकाबाट घर फर्कंदा आदित्य चार पुगेर पाँच लागेको थियो । अमेरिकामा हुँदा आदित्यकी आमाले नेपाल घरमा हजुरबा, हजुरआमा र काका-काकी रहनु भएको र हजुरआमा-हजुरबाले चरा, भ्यागुता र बाँदरबारे धेरै कथा भन्ने र घुगुत्ती-बासुत्ती खेलाउने कुरा भन्नुभएको हुँदा आदित्य हजुरबा-हजुरआमालाई भेट्न आतुर थियो । उनीहरूको एल्बममा हजुरबा र हजुरआमाको फोटो थियो, र उसको छिमेकका साथीहरू आउँदा "मेरा हजुरबा-हजुरआमा" भनेर चिनाउँथ्यो । अमेरिकामै जन्मेको आदित्यलाई नेपालको बारेमा केही थाहा नभए पनि उसका बाआमाले उसलाई नेपाली भाषा बोल्न, बिहानै उठेर घरमै स्थापित गरिएका देउताका अगाडि "ज्यू" गर्न र "सयौं थुँगा फूलका हामी" भनेर नेपालको राष्ट्रिय गान कण्ठस्थै गाउन सिकाएका थिए । प्रत्येक साँझ-बिहान नेपालमा हजुरबा-हजुरआमासँग खेल्न पाउने सपनाले सधैं पुलकित हुन्थ्यो ऊ । यता नेपाल घरमा बूढाको स्वास्थ्यस्थिति अलि खस्कँदै गएको र डाक्टरले अलि गम्भीर रोग नै लागेको हुन सक्ने बताएकोले उनीहरूलाई नेपाल आउन भनिएको थियो । तदन्त सबै तयारी पूरा गरे, र उनीहरू नेपाल आए । नेपाल आदित्यलाई अनौठो लाग्यो । यहाँका सडकमा हरेक प्रकारका गाडी ठेल्मठेल कसरी गुडेका हुन् भन्ने कुराले ऊ अलमल्ल पर्‍यो । अमेरिकामा कहिलेकाहीँ उनीहरूको डेरामा बाबालाई भेट्न आउने नेपालीबाहेक अरु बेला नेपाली देख्न नपाएको ऊ जतातै नेपाली देख्दा आचम्भित भयो । उनीहरूको घर लोकन्थलीमा थियो । एयरपोर्टबाट कोटेश्वर हुँदै, पट्टेर लाग्दा जाम काटेर साँझपख उनीहरू घर पुगे । आठ वर्षपछि छोरा-बुहारी र नाती घर आउँदा बूढा-बूढीको खुसीको सीमा रहेन । फोटोमा देखेका अनुहारलाई आँखाअगाडि पाउँदा आदित्यलाई हजुरबा-हजुरआमा चिन्न कुनै गाह्रो भएन । "हजुरबा" भन्दै ऊ बूढाका काखमा होम्मियो । हर्षले बूढाका आँखा रसाए । फेरि ऊ "हजुरआमा" भन्दै बूढीका काखमा होम्मियो । बूढीका आँखा पनि हर्षले रसाए । दिन बित्दै गए । साँझ सुत्ने बेलामा बाहेक आदित्यले आमालाई खोज्नै छोड्यो । ऊ हजुरबाका कथा र हजुरआमाको लाडप्यारमै हरायो । बूढाको स्वस्थ्य वास्तवमै क्षीण हुँदै गएको थियो । तैपनि उनको काख आदित्यका लगि सधैं खुला रह्यो । दिनदिनै रुग्ण हुँदै गरेका गोडामा आदित्यलाई राखेर घुगुत्ती-बासुत्ती खेलाउँदा उनी आफूभित्र नयाँ जीवन संचारित भएको अनुभूति गर्थे । तर जब उनको शरीरले जवाफ दियो, र उनी अस्पतालमा भर्ना भए, आदित्यले एउटा स्वर्ग गुमायो । हजुरबा अस्पताल भर्ना भएपछि आदित्य हजुरआमातिर झ्याम्मिन थाल्यो । हजरआमाले कथा भने पनि घुगुत्ती-बासुत्ती खेलाउन नसक्ने हुनाले उसलाई हजुरबाको न्यास्रो लागि नै रह्यो । उसले अमेरिकाको व्यस्त जीवनमा नपाएको एउटा न्यानो स्पर्श पाइरहेको थियो । ऊ पलपल यस्तै मायालु स्पर्शहरूका लागि लालायित रहन्थ्यो । हजुरआमा थकित या व्यस्त भएको बेला ऊ आृनी आमाको न्यानो स्पर्श खोज्दथ्यो । आमा व्यस्त हुँदा ऊ आृने बुवाको स्पर्शका लागि भौंतारिन्थ्यो । यी स्पर्शहरू जतातै थिए उसका लागि - न्याना र मायालु स्पर्शहरू । नहुन् पनि कसरी, त्यस कूलको दीपक थियो आदित्य, र सबैको आँखाको तारा । उसलाई काखमा राखेर खेलाउन पाउँदा सबैले चरम आनन्दको अनुभूति गर्थे । केही दिनपछि नुवाकोटबाट आदित्यकी सानिमा हजुरबाको स्वास्थ्यको जानकारी लिन र उनीहरूलाई भेट्न लोकन्थली आइन् । एकदुई दिन बसेपछि हजुरबाको स्वास्थ्यमा केही सुधार आयो भन्ने चिकित्सकको भनाई आएपछि उनी पुन: नुवाकोट फर्किइन् । उनीसँगै आएको आदित्यकै उमेरको उनको छोरो पवनसँग आदित्य पनि नुवाकोट गयो । यसरी नुवाकोटमा आदित्यका केही दिन बिते । त्यहाँ धेरै माया पाए पनि घरमाजस्तो हजुरबा, हजुरआमा र बुवाआमाका मायालु काख र कोमल स्पर्शको भने अभाव खड्किइरह्यो । वास्तवमा त्यहाँ उसलाई कसैले काखमा राखेन, र कसैले घुगुत्ति-बासुत्ति खेलाएन । ऊ कुनै पनि जुक्तिले यथाशीघ्र लोकन्थली आउन चाहान्थ्यो । केहीदिन पछि लोकन्थलीबाट खै के समाचार आयो, सानिमा पवन र उसलाई लिएर, हस्याङ्फस्याङ् गर्दै लोकन्थली जान हतारिइन् । उनीहरू माइक्रो चढे, र काठमाडौंतिर हान्निए । आदित्यको मन भित्रभित्रै हर्षित भयो । अपराह्न दुई बजेतिर उनीहरू घर पुगे । आँगनमा पाइला टेक्नासाथ सानिमा डाँको छोडेर रुँदै हजुरआमाका छेउ पुगिन् । सबै जना केलाहाल गरेर रुन थाले । अदित्यले पल्याकपुलुक यताउती हेर्‍यो । आँगनका विभिन्न कुनामा घुम्लुङ्ग सेता कपडा ओढेर, कपाल पनि नकोरी सबैजना एकोहोरो बसिरहेको देख्दा उसलाई उदेक लाग्यो । आँगनको एक छेउमा बुवा र काकालाई कपाल मुडुलै पारी काटेर, सेता लुगामा बेरिएर टुक्रुक्क बसेको देख्दा ऊ अवाक भयो । ती सम्वाद र रोदनहरूका बीचबीचमा व्यक्त शब्दहरूबाट उसले हजुरबा नरहेको यथार्थ थाह पायो । सानै भए पनि उसको मनभित्र एउटा विचित्रको चीसो पस्यो । छेउमा केही गाउँलेहरू र केही गुरुपुरोहितहरू पनि दुख साट्दै बसेका थिए । धेरै दिनदेखि घरको न्यानो र आफन्तको स्पर्श नपाएको आदित्य वायुवेगले कुद्यो र बुवाका काखमा बस्यो । "हेइ, हुँदैन," भन्दै बुवा जुरुक्क उठे र टक्टक्किए । चार पुगेर पाँच लागेका र तीभन्दा ठूलाहरूलाई किरियापुत्रीहरूले छुनु हुँदैन भन्ने नियम त्यस गाउँका जान्नेसुन्नेले बनाएका थिए । एकजना गाउँलेले आदित्यलाई समाउन खोजे । ऊ ठूलो बलले तिनको पकडबाट उम्किएर फेरि आमातिर होम्मियो र काखमा बस्यो । "हा, हुँदैन," भन्दै आमा पनि जिउ टक्टक्याउँदै उठिन् र आदित्य भैंमा लड्यो । फेरि केही गाउँलेहरूले समाउन खोजे । आदित्य तिनीहरूको चङ्गुलबाट फुत्कियो । "आऊ बाबु । हेर, हाम्मो घरमा जाने ल? पापा र बुबु खाने नि," एक जना आइमाईले फकाउन खोजिन् । उसलाई त्यो आवाजले रति तानेन । ऊ उभिएर आमालाई हेरिरह्यो । आमा पनि उसलाई हेरि नै रहेकी थिइन । केवल यो मन र त्यो काखकोबीच अनन्त कोसको एउटा कृत्रिम दूरी थियो । उसले आमालाई हेरिरह्यो । तर आमा ले "आऊ बाबु" भन्नु भएन । फेरि उसले बुवालाई हेर्‍यो । बुवाले पनि उसलाई "आऊ बाबु" भन्नु भएन । अघिदेखि फटफटाइरहेका उसका कलिला ओठ एक्कासि खुले र एउटा गगनभेदी रोदन त्यहाँबाट निस्कियो । माथ्लाघरकी माइजू गुन्द्रीबाट उठिन् र आदित्यलाई बोक्न खोजिन । आदित्यले आृनो कुहिनोले कसिलो झट्का दियो, र नजीकको पर्खालमा गएर आफ्नो टाउको पर्खालका ढुङ्गामा बजार्दै रुन थाल्यो । निधार फूटेर भल्भली रगत बग्यो । "लौ, लौ, के भयो," भन्दै सबै जना उठे । सबै भन्दा आघि "के गरिस् नि मेरो बाबु," भन्दै वायुवेगले कुदेर आृनो छोरोलाई आँगालोमा बाँधेर आफूले ओढेको सेतो बर्कोको छेउले रगत पुछिदिने आदित्यकी आमा नै थिइन् । किरियापुत्रीलाई छुनुहुँदैन । शास्त्रको निर्देशनलाई एउटा अवोध शिशुको मायाको प्यास, र एउटी आमाको निश्छल ममताले लत्याएको यस दृश्यलाई गुरु पुरोहित, जान्ने बुझ्ने र अग्रज भनाउँदाहरूले मूर्तिवत उभिएर एकोहोरो हेरिरहे । कसैका मुखबाट प्रतिवादको एक शब्द पनि निस्कन सकेन ।

***-नेपाली कला साहित्य डटकम***

# रास्वपाले थप्यो नौं केन्द्रीय सदस्य




**पाल्पा,** भदौ ५/सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले धेरै समयको कसरत पछि केन्द्रीय समिति सदस्यमा नौ जनालाई मनोनयन गरेको छ । पार्टीको शुक्रबार बसेको केन्द्रीय समिति बैठकले पूर्वाधार विकासमन्त्री समेत रहेका सुनिल लम्साल, भूपदेव साह, गृहमन्त्रीसमेत रहेका सुधन गुरुङ, प्रतिभा रावल, पुरुषोत्तम यादव, मनोहर प्रधान, बसुमाया तामाङ, भक्तबहादुर राई र सुरेन्द्र चौधरीलाई केन्द्रीय सदस्यमा मनोनयन गरेको हो ।

बैठकले पार्टीका विभिन्न पदाधिकारी तथा विभागीय जिम्मेवारीसमेत तोकेको छ । सह-महामन्त्रीमा पुरुषोत्तम सुप्रभात यादव, कोषाध्यक्षमा डा.मनोहर प्रधान, सहकोषाध्यक्षमा बसुमाया तामाङ, प्रवक्तामा जगदीश खरेल (ललितपुर) तथा सह-प्रवक्तामा डा.नमिता यादव र सुरेन्द्र चौधरीलाई मनोनयन गरिएको महामन्त्री विपिनकुमार आचार्यले जानकारी दिए ।

उनका अनुसार पार्टी सचिवालय सदस्यमा गणेश पराजुली, शिशिर खनाल, विराजभक्त श्रेष्ठ, पुरुषोत्तम सुप्रभात यादव, डा.मनोहर प्रधान, कविन्द्र बुर्लाकोटी, जगदीश खरेल (ललितपुर) लिमा अधिकारी आचार्य, दीपकराज बोहरा, समीक्षा बास्कोटा, शिव नेपाली, इन्दिरा राना मगर र मनिष झालाई मनोनयन गरिएको छ ।

विभागीय जिम्मेवारीतर्फ सङ्गठन विभाग प्रमुखमा प्रमोद न्यौपाने, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुखमा शिशिर खनाल, सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभाग प्रमुखमा विजय जैरु, जनस्वास्थ्य विभाग प्रमुखमा डा. तोसिमा कार्की, पूर्वाधार विभाग प्रमुखमा निशा डाँगी र अर्थ विभाग प्रमुखमा लिमा अधिकारी आचार्यलाई जिम्मेवारी दिइएको छ । प्रशिक्षण विभागको उपप्रमुखमा कमल सुवेदीलाई तोकिएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## नर्दन टेरिटोरीसँग ८ विकेटले पराजित



**काठमाडौं,** भदौ ५/अस्ट्रेलियामा शुक्रबारदेखि शुरू भएको टप इन्ड टी-२० शृङ्खलामा नेपालको 'ए' टोली पहिलो खेलमा नर्दन टेरिटोरी स्ट्राइकसँग ८ विकेटले पराजित भएको छ ।

नेपाल 'ए' ले दिएको १२३ रनको लक्ष्य नर्दन टेरिटोरीले १५ ओभरमा २ विकेट गुमाएर भेटायो । नर्दन टेरिटोरीका डाउट्जी होगेनबुजेमले नटआउट ५०, जोर्डन सिल्कले नटआउट ४२ रन बनाए । नेपाल 'ए' का पवन सर्राफले २ विकेट लिए । यसअघि डार्बिनमा टस हारेर ब्याटिङ गरेको नेपाल 'ए' ले २० ओभरमा ८ विकेट गुमाएर १२२ रन बनायो । नेपाल 'ए' का पवर्न सर्राफले ४१ रन बनाए । नर्दन टेरिटोरीका हमिश मार्टिनले ३ विकेट लिए । प्रतियोगितामा नेपालले भोलि बङ्गलादेशको हाई पर्फर्मेन्ससँग, भदौ ८ गते होबार्ट हरिकेन्स एकेडेमी, भदौ १० गते अस्ट्रेलियन क्यापिटल टेरिटोरी, भदौ ११ गते हैदराबाद किङ्समेन एकेडेमी र भदौ १३ गते भिक्टोरिया सीए-११ सँग खेल्ने तालिका छ । नेपाल क्रिकेट संघ (क्यान) का अनुसार अस्ट्रेलियामा रहँदा नेपाल 'ए' ले न्युजिल्यान्ड 'ए', तास्मानिया र साउथ अस्ट्रेलियासँग एकदिवसीय अभ्यास खेल पनि खेल्नेछ ।

अर्थ/कर्पोरेट समाचार

## लुम्बिनी प्रदेश सरकारले विपद्बाट प्रभावित परिवारलाई राहत दिने



**दाङ,** भदौ ५/लुम्बिनी प्रदेश विपद् व्यवस्थापन परिषद्को १५ औँ बैठक शुक्रबार बसेको छ । बैंठकले लुम्बिनी प्रदेश सरकारले मनसुनजन्य विपद्बाट जनधनको ठूलो क्षति भएका प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउँने निर्णय गरेको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको बैठकले रोल्पामा मनसुनजन्य विपद्बाट जनधनको ठूलो क्षति भएकाले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको हो । बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले विपद् प्रभावित क्षेत्रमा खानेपानी, सडक पूर्वाधार तथा सिँचाइका समस्या समाधान गर्न सम्बन्धित मन्त्रालय र मातहतका निकायलाई सक्रिय रूपमा परिचालन गर्न निर्देशन दिए । मुख्यमन्त्री आचार्यले मनसुन अझै नसकिएकाले भदौको अन्तिमसम्म ठूलो वर्षा हुनसक्ने सम्भावनालाई ध्यानमा राखेर सबै सरकारी निकायलाई पूर्वतयारी अवस्थामा बस्न निर्देशन दिए । सम्भावित विपद्को जोखिम न्यूनीकरणका लागि आवश्यक तयारी र प्रतिकार्य योजना प्रभावकारी बनाउन पनि उनले निर्देशन दिए । रोल्पामा यस वर्षको मनसुनजन्य विपद्का घटनाबाट थवाङ गाउँपालिकामा १२ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता र दुई जना घाइते भएका छन् । सुनछहरी गाउँपालिकामा छ जनाको मृत्यु भएको छ । लुङ्ग्री र परिवर्तन गाउँपालिकामा एक-एक जनाको मृत्यु भएको तथ्याङ्क प्राप्त भएको आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयका सचिव भरतमणि पाण्डेले जानकारी दिए । उनका अनुसार चार स्थानीय तहका ११ परिवार विपद्बाट विस्थापित भएका छन् । यस्तै बैठकले रोल्पामा सडक र पुल मर्मतका लागि रु ५० लाख रकम निकासा गर्ने समेत निर्णय गरेको छ ।

## बालिकाको न्यायका लागि...

...राज्यका अनुसन्धान तथा न्यायिक निकायले कुनै पनि दबाब र प्रभावमा नपरी तथ्य र प्रमाणका आधारमा निष्पक्ष अनुसन्धान गर्नुपर्नेमा प्रदर्शनकारीहरूले जोड दिएका छन् । पीडित परिवारले न्याय पाउने र दोषीले कानुनी उन्मुक्ति नपाउने वातावरण निर्माण गर्न राज्य जिम्मेवार बन्नुपर्ने उनीहरूको माग छ । विरोध प्रदर्शनका क्रममा सहभागीहरूले जिल्ला प्रशासन कार्यालयबाट मखनटोल, शीतलपाटी हुँदै पुन: जिल्ला प्रशासन कार्यालयसम्म विरोध ऱ्यालीसमेत निकालेका थिए । ऱ्यालीमा सहभागीहरूले बालिका चौधरीका लागि न्याय माग्दै दोषीमाथि कडा कारबाही गर्न सरकारसँग आग्रह गरेका थिए ।

**घटनामा दुई जना पक्राउ**

बालिका गरिमा चौधरी साउन ३१ गते बिहान साढे समय खुलाउनुपर्ने बजेदेखि हराइरहेकी थिइन् । परिवार तथा स्थानीयले खोजी गरे पनि तत्काल उनको अवस्था पत्ता लाग्न सकेन । हराएको तीन दिनपछि घर नजिकै वीरबहादुर रोकाको घरमा गन्हाएको अवस्थामा बालिकाको शव भेटिएको थियो । घटनाको अनुसन्धानका क्रममा प्रहरीले १६ र २४ वर्षीय दुई जना युवालाई पक्राउ गरी अनुसन्धान अघि बढाएको जनाएको छ । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार पक्राउ परेका १६ वर्षीय किशोरले बयानका क्रममा बालिकामाथि बलात्कारपछि हत्या गरेको घटनामा आफ्नो संलग्नता स्वीकार गरेको प्रहरीले जनाएको छ । तर, घटनाको वास्तविकता, संलग्न व्यक्तिको भूमिका र घटनाको सम्पूर्ण पक्ष अनुसन्धानबाट थप स्पष्ट हुन बाँकी छ । त्यसैले निष्पक्ष अनुसन्धान, प्रमाणको वैज्ञानिक परीक्षण र कानुनी प्रक्रियाबाट दोषी ठहर हुने व्यक्तिमाथि कडा कारबाही हुनुपर्ने माग प्रदर्शनकारीहरूले गरेका छन् । तीन वर्षीया बालिकाको ज्यान गएको घटनाले उठाएको प्रश्न एउटा परिवारको न्यायमा मात्र सीमित छैन । यसले समाजमा बालिका तथा महिलाको सुरक्षा, कानुनको प्रभावकारिता र राज्यका अनुसन्धान संयन्त्रप्रतिको विश्वासमाथि पनि प्रश्न उठाएको छ । पाल्पामा उठेको विरोधको आवाजले यही प्रश्नलाई फेरि सतहमा ल्याएको छ–बालिका र महिलामाथि हुने हिंसा रोक्न राज्य कहिले अझ गम्भीर र प्रभावकारी बन्छ ? प्रदर्शनकारीहरूको एउटै माग छ–पीडितलाई न्याय, दोषीलाई कडा सजाय र महिला तथा बालिकाको सुरक्षाको सुनिश्चितता ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई